काँक्रेविहार
Kankrebihar National Daily

कर्णाली प्रदेशको पहिलो दैनिक

राष्ट्रिय दैनिक



❐ वर्ष : २५ ❐ अंक : १४३ ❐ शुक्रवार, २२ फागुन, २०८२ ❐ Friday, 6 Mar. 2026 ❐ नेपाल संवत ११४६ ❐ पृष्ठ : ४ ❐ मूल्य : रू. १०

निर्वाचन सम्पन्न भएकोमा राष्ट्रपतिको धन्यवाद

❐ काँक्रेविहार संवाददाता
काठमाडौं, २१ फागुन

राष्ट्रपति रामचन्द्र पौडेलले प्रतिनिधिसभा सदस्य निर्वाचन शान्तिपूर्ण रूपमा सम्पन्न भएकोमा खुसी व्यक्त गरेका छन् । मुलुकले झेलिरहेको जटिल राजनीतिक परिस्थितिले यस निर्वाचनमार्फत निकास पाएको भन्दै उनले वर्तमान अवस्थाप्रति सन्तोष प्रकट गरेका हुन् ।

राष्ट्रपतिका प्रेस सल्लाहकार किरण पोखरेलका अनुसार राष्ट्रपति पौडेलले लोकतान्त्रिक अभ्यासको यो महत्त्वपूर्ण खुड्किलो पार हुनुलाई सकारात्मक उपलब्धिका रूपमा लिएका छन् । निर्वाचनलाई निष्पक्ष र सफलतापूर्वक सम्पन्न गराउन अहोरात्र खटिने सरकार, निर्वाचन आयोग, सुरक्षा निकाय, राजनीतिक दल र राष्ट्रसेवक कर्मचारीहरूप्रति राष्ट्रपतिले विशेष आभार प्रकट गरेका छन् । साथै, आफ्नो मताधिकार प्रयोग गरी लोकतन्त्रलाई मजबुत बनाउने आम मतदाता र सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूलाई पनि उनले धन्यवाद दिएका छन् ।

सबै पक्षको सामूहिक प्रयास र सक्रियताले नै यो राष्ट्रिय जिम्मेवारी पूरा हुन सम्भव भएको उनको ठम्याइ छ ।

निर्वाचन सम्पन्न भएकोमा अमेरिकाले दियो बधाई

❐ काँक्रेविहार संवाददाता
काठमाडौं, २१ फागुन

नेपालको प्रतिनिधिसभा सदस्य निर्वाचन सम्पन्न भएकोमा अमेरिकाले बधाई दिएको छ ।

बिहीवार मतदान सम्पन्न भएको नेपालस्थित अमेरिकी दूतावासले निर्वाचन सम्पन्न भएकोमा बधाई दिएको हो ।

अमेरिकाले आगामी सरकारसँग दुवै देशको समृद्धि र सुरक्षासम्बन्धी साझा लक्ष्यहरूमा सहकार्य गर्न उत्सुक रहेको पनि जनाएको छ ।

बिहीवार सम्पन्न निर्वाचन ६० प्रतिशत मत खसेको आयोगले जनाएको छ । निर्वाचन आयोगले मत परिमाण छिटै सार्वजनिक गरिने जनाएको छ ।

कर्णालीमा शान्तीपूर्ण निर्वाचन

५५ प्रतिशत मत खस्यो

> *कर्णाली प्रदेश निर्वाचन कार्यालय सुर्खेतका अनुसार प्रदेशभर ५५ दशमलव एक प्रतिशत अर्थात कुल १० लाख ४८ हजार एक ३८ मतदाता मध्ये पाँच लाख ७७ हजार पाँच सय ४२ जनाले भोट हालेका छन् । जसमा महिला तीन लाख १२ हजार आठ सय ४५ र पुरुष दुई लाख ६४ हजार ६ सय ९५ छन् ।*

❐ काँक्रेविहार संवाददाता
सुर्खेत, २१ फागुन

प्रतिनिधिसभा सदस्य निर्वाचन अन्तर्गत कर्णाली प्रदेशका १० वटै जिल्लामा शान्तिपूर्ण तरिकाले मतदान कार्य सकिएको छ । यस पटकको निर्वाचनमा कर्णाली प्रदेशमा कुल ५५.१ प्रतिशत मत खसेको छ ।

प्रदेशका १० जिल्लामा रहेका ९४१ मतदान स्थल र एक हजार ४३७ मतदान केन्द्र केन्द्रहरूबाट प्राप्त प्रारम्भिक विवरणअनुसार कुल १० लाख ४८ हजार १३८ मतदातामध्ये ५ लाख ७७ हजार ५४२ मत खसेको प्रदेश निर्वाचन कार्यालयले जनाएको छ ।

कार्यालयका अनुसार शुक्रबार बिहानसम्म कर्णाली प्रदेशका १० वटै जिल्लामा मत पेटीका ढुवानी कार्य सम्पन्न हुने जनाईएको छ । भने शुक्रबार बिहानैदेखि अधिकांश निर्वाचन क्षेत्रमा मतगणना सुरु गर्ने तयारी छ । कर्णालीका १२ निर्वाचन क्षेत्रमा कुल १३२ जना उम्मेदवार चुनावी मैदानमा होमिएका छन् ।

प्रदेश निर्वाचन अधिकारी लाल बहादुर गुरुङका अनुसार कुल खसेको मतमध्ये ३ लाख १२ हजार ८४५ महिला, २ लाख ६४ हजार ६९५ पुरुष र २ जना अन्य मतदाता रहेका छन् । प्रदेशभर ९४१ मतदान स्थल र १ हजार ४३७ मतदान केन्द्र गरी कुल २ हजार ३७८ निर्वाचन बुथ केन्द्रमार्फत मतदान भएको थियो । जिल्लागत रूपमा हेर्दा डोल्पामा सबैभन्दा बढी ६५.७३ प्रतिशत मत खसेको छ । त्यस्तै हुम्लामा ६४.५५ प्रतिशत, मुगुमा ६०.५६ प्रतिशत र रुकुम पश्चिममा ५८.४४ प्रतिशत मत खसेको छ । भने जाजरकोटमा ५६.८४ प्रतिशत, जुम्लामा ५६.८८ प्रतिशत मत खसेको छ ।

यस्तै सुर्खेतमा निर्वाचन क्षेत्र १ बाट ५७.०९ र निर्वाचन क्षेत्र २ बाट ५७.४६ प्रतिशत मतदान भएको छ । अन्य जिल्लामा भने तुलनात्मक रूपमा कम मतदान भएको देखिएको छ । दैलेख निर्वाचन क्षेत्र १ बाट ५०.५२ प्रतिशत र निर्वाचन क्षेत्र २ बाट ४८.२४ प्रतिशत मत खसेको प्रदेश निर्वाचन कार्यालयले जनाएको छ ।

त्यस्तै कालिकोटमा ५० प्रतिशत र सल्यानमा ४४.४० प्रतिशत मत खसेको तथ्यांकमा उल्लेख छ । निर्वाचन कार्यालयका अनुसार सबै स्थानमा मतदान शान्तिपूर्ण रूपमा सम्पन्न भएको छ । दुर्गम जिल्लाहरूमा समेत सुरक्षा व्यवस्था मिलाइएपछि मतदाताले उत्साहका साथ मतदानमा सहभागिता जनाएका थिए । मतदान सम्पन्न भएसँगै अब मतपेटिका संकलन तथा मतगणनाको तयारी सुरु गरिएको प्रदेश निर्वाचन अधिकारी गुरुङले बताए ।

जिल्लागत मतादातामध्ये सखेको मत

कर्णाली प्रदेशका कुल मतदातामध्ये पाँच लाख २७ हजार ६८६ पुरुष, पाँच लाख ९ हजार ३६१ महिला र अन्य तीन जना थिए । गत २०७९ को निर्वाचनको तुलनामा एक लाख २८ हजार ८१७ मतदाता थपिएका हुन् । तर कुल खसेको मत प्रतिशत भने अघिल्लो निर्वाचन भन्दा कम छ ।

जिल्लागत रूपमा सबैभन्दा बढी मतदाता सुर्खेतमा दुई लाख ४८ हजार ९४३ रहेका थिए । जसमा सुर्खेत निर्वाचन क्षेत्र १ का कुल मतादाता संख्या १ लाख २२ हजार ९०२ रहेकोमा कुल खसेको मत ७० हजार १६७ रहेको छ । यस्तै सुर्खेत निर्वाचन क्षेत्र २ का कुल मतादाता १ लाख २७ हजार ६६८ मा कुल खसेको मत ७३ हजार ३५६ रहेको छ ।

यस्तै दैलेख निर्वाचन क्षेत्र १ का कुल मतादाता ८१ हजार २८७ रहेकोमा कुल खसेको मत ४१ हजार ६९ रहेको छ । भने दैलेख निर्वाचन क्षेत्र २ का कुल मतादाता संख्या ८१ हजार ५०३ रहेकोमा कुल खसेको मत ३९ हजार २३१ रहेको छ ।

त्यस्तै डोल्पामा २५ हजार ५ मतादाता संख्या रहेकोमा कुल खसेको मत १६ हजार ४३७ रहेको छ । रुकुम पश्चिममा एक लाख ७ हजार ७४८ मतादाता संख्या रहेकोमा कुल खसेको मत ६२ हजार ९६८ रहेको छ । कालिकोटमा ८५ हजार ४४ मतादाता संख्या रहेकोमा कुल खसेको मत ४२ हजार ५२३ रहेको छ ।

यता जुम्लामा ७२ हजार ४४४ मतादाता संख्या रहेकोमा कुल खसेको मत ४१ हजार २०८ रहेको छ । भने मुगुमा ३६ हजार ६०५ मतादाता संख्या रहेकोमा कुल खसेको मत २२ हजार १६८ रहेको छ । सबैभन्दा धेरै प्रतिशत मत खसेको हुम्लामा ३४ हजार ८०५ मतादाता संख्या रहेकोमा कुल खसेको मत २२ हजार ४६७ रहेको छ ।



मतगणनाको प्रतिक्षा

मतदान सम्पन्न भएसँगै कर्णालीका १० जिल्लाका १२ निर्वाचन क्षेत्रका मतपेटिका संकलन कार्य सुरु भएको प्रहरीले जनाएको छ । कर्णाली प्रदेश प्रहरी कार्यालय सुर्खेतका प्रमुख प्रहरी नायव महानिरीक्षक जयराज सापकोटाले शान्तिपूर्ण तवरबाट मतदान सम्पन्न भएसँगै एकिकृत निर्वाचन सुरक्षा योजना अनुरुप मतपेटिका ढुवानीको कार्य सुरु भएको बताए ।

कर्णालीका सुगम जिल्लाका मतदानस्थलबाट गएराति नै मतपेटिका जिल्ला सदरमुकाम ढुवानी भइसकेका छन् । हिमाली जिल्ला हुम्ला, मुगु र डोल्पाका उत्तरी क्षेत्रका मतदान स्थलबाट मतपेटिका ढुवानी गर्न नेपाली सेनाको हेलिकप्टर तयारीमा अवस्थामा राखिएको उनले बताए । ति क्षेत्रका मतपेटिका एकिकृत गरिने र शुक्रबार हेलिकप्टरबाट जिल्ला सदरमुकाम ल्याइने उनले बताए ।

प्रहरीका अनुसार मतपेटिका संकलन भएपश्चात सर्वदलिय बैठक पश्चात शुक्रबार बिहानबाट मतगणना सुरु हुनेछ । हुम्लाका प्रमुख जिल्ला अधिकारी टेककुमार रेग्मीले चार मतदान स्थलबाट मतपेटिका ढुवानी गर्न नेपाली सेनाको हेलिकप्टर तयारी अवस्थामा रहेका बताए । उनले मतपेटिका मुख्य निर्वाचन अधिकृतको कार्यालयमा प्राप्त भएपश्चात मतगणना सुरु हुने जानकारी दिए ।

यस्तै, हिमाली जिल्ला डोल्पा र मुगुका मतदान स्थलबाट पनि मतपेटिका ढुवानी गर्न हेलिकप्टर तयारी अवस्थामा राखिएको छ ।

मतदान शान्तिपूर्ण रुपमा सम्पन्न

कर्णाली प्रदेशमा प्रतिनिधिसभा सदस्य चयनका लागि बिहिबार बिहान ७ बजेबाट सुरु भएको मतदान शान्तिपूर्ण तबरबाट सम्पन्न भएको छ । २३-२४ भदौको जेन-जी आन्दोलनपछि उत्पन्न राजनीतिक गतिरोधका बीच २०८४ मा हुनुपर्ने निर्वाचन दुई वर्ष अगावै सम्पन्न भएको छ ।

सामाजिक सञ्जालमाथिको प्रतिवन्धको विरोधमा उठेको जेन-जी समूहको आवाजलाई सरकारले दवाउन खोजेपछि देश मध्यावधिक निर्वाचनमा धकेलिएको थियो । उक्त आन्दोलनपछि जेन-जीको भावना अनुरुप प्रतिनिधिसभा विघटन गरेर पूर्वप्रधानन्यायिस सुशीला कार्की नेतृत्वमा अन्तिरिम सरकार गठन भएको थियो ।

कार्की नेतृत्वको सरकारलाई ताजा जनादेशसहित प्रतिनिधिसभा सदस्यको निर्वाचन गराउने म्याण्डेट थियो । आन्दोलनपछि उत्पन्न परिस्थितीमा निर्वाचन हुने वा नहुने अन्यौलताका बीच एकाध ठाउँ बाहेक सम्पूर्ण क्षेत्रमा शान्तिपूर्ण रुपमा चुनाव गराउन सरकार सफल भएको छ । निर्वाचन सम्पन्न भएसँगै मतगणनाको कार्य सम्पन्न भएको छ ।

कर्णाली प्रदेश निर्वाचन कार्यालय सुर्खेतका अनुसार प्रदेशभर ५५ दशमलव एक प्रतिशत अर्थात कुल १० लाख ४८ हजार एक ३८ मतदाता मध्ये पाँच लाख ७७ हजार पाँच सय ४२ जनाले भोट हालेका छन् । जसमा महिला तीन लाख १२ हजार आठ सय ४५ र पुरुष दुई लाख ६४ हजार ६ सय ९५ छन् । यसपटकको निर्वाचनमा मतदाताहरु कम उत्साह र बढी उत्सुकताका साथ मतदानमा सहभागी भएका छन् ।

मतदान अवधिभर सुर्खेत-२ का दर्जन बढी मतदान स्थलमा गरिएको स्थलगत रिपोर्टिङका क्रममा मतपेटिकामा भोट खसालेर फर्किएकाहरु उत्साहितभन्दा पनि भोलि के हुन्छ भन्ने उत्सुकतामा बढी देखिन्थे । उनीहरुले विगतमा पनि भोट हालेको सुनाए । तर देशमा विकास भएको तर सुशासन कायम नभएकाले यसपटक पनि ठुलै परिवर्तन हुनेमा मतदाता आश्वस्त देखिएनन् ।

'निर्वाचनको जिम्मेवारी पूरा भयो, अब जतिसक्दो चाँडो सत्ता हस्तान्तरण गर्छौं'

❐ काँक्रेविहार संवाददाता
काठमाडौं, २१ फागुन

प्रधानमन्त्री सुशीला कार्कीले जतिसक्दो चाँडो सत्ता हस्तान्तरण गर्ने बताएकी छिन् । निर्वाचन सम्पन्न भएलगत्तै सञ्चारकर्मीहरुसँग कुराकानी गर्दै उनले आफ्नो मुख्य जिम्मेवारीका सम्पन्न भएको भन्दै अब सरकारबाट बाहिरिन आतुर रहेको बताएकी हुन् ।

निर्वाचन सम्पन्न भएसँगै ऐतिहासिक काम पूरा गरेको अनुभूति भएको भन्दै उनले सरकारलाई दिइएको म्याण्डेट पूरा भएको र अबको संक्रमणकाल छोट्याउँदै नयाँ सरकारलाई बाटो प्रशस्त गर्ने बताइन् । 'दिएको काम पूरा भएपछि त खुसी हुने भइयो' उनले भनिन्, 'अब सत्ताको हस्तान्तरणको प्रक्रिया हेरेर, चाहे त्यो गठबन्धन सरकार होस् वा एकल, हामी एकदम प्रयासमा के रहन्छौं भन्दाखेरि छिटो भन्दा छिटो नयाँ सरकार गठन गराएर उहाँहरूलाई हस्तान्तरण गरेर हामी बाहिरिन्छौं ।'



पदमा नबस्दा स्रोतको दुरुपयोग भएन

विगतका निर्वाचन र यसपटकको निर्वाचनमा के फरक छ भन्ने प्रश्नमा कार्कीले यसपटकको निर्वाचन निष्पक्षता र मितव्ययिताको कसीमा उत्कृष्ट रहेको दाबी गरिन् । विशेष गरी प्रधानमन्त्री र मन्त्रीमण्डलका सदस्यहरू स्वयं उम्मेदवार नबनेका कारण राज्यको स्रोत र साधनको दुरुपयोग नभएको उनको भनाइ छ ।

'अरू बेलाको निर्वाचनमा मन्त्रीमण्डलले पुरै चुनावतिर ध्यान दिने, आफ्नो कताबाट जिल्ने भन्ने ध्याउन्न हुने र रिसोर्सेसको एक्सप्लोइटेसन हुन्थ्यो कि जस्तो लाग्छ,' कार्कीले भनिन्, 'तर अब अहिले त्यस्तो भएन। हामी निर्वाचनमा उम्मेदवार नभएपछि कुनै कुराको पनि मिसयुज भएन। यो एकदम मितव्ययी निर्वाचन भएको हो ।'

उनले निर्वाचन आयोगलाई स्वतन्त्र रूपमा काम गर्न दिएको र सरकारले केवल सहयोगी भूमिका निर्वाह गरेको स्पष्ट पारे ।

लगनशीलताका कारण निर्वाचन सार्थक

सरकार गठन भएदेखि नै निर्वाचन हुँदैन भन्ने खालका आशङ्का र आलोचनाहरू बजारमा व्याप्त रहे पनि सरकार आफ्नो लक्ष्यमा अविचलित रहेको उनले बताए । धेरैले बाटो छेक्ने र आलोचना गर्ने प्रयास गरे पनि मन्त्रिमण्डलको एकोहोरो लगनशीलताले यो ऐतिहासिक काम सम्भव भएको उनको तर्क छ । 'कसले के भन्छ, कसले आलोचना गर्छ वा कसले बाटो छेकेको छ भन्ने तिर हामीले ध्यानै दिएनौं । निर्वाचन हुँदैन पनि भनियो, तर हामी एकोहोरो आफ्नो काममा लागिरह्यौं । दलहरूलाई फकाउने, फुल्याउने र वातावरण सुदृढ बनाउने काम गर्‍यौं' उनले भनिन्, 'निर्वाचनको क्रममा रक्तपात नहोस् भन्ने आफ्नो डे वानको सङ्कल्प पूरा भएको छ ।'

श्वेतपत्र र बाँकी प्रतिवेदन सार्वजनिक गर्ने तयारी

सत्ता हस्तान्तरण गर्नुअघि सरकारले केही महत्त्वपूर्ण प्रतिवेदनहरू सार्वजनिक गर्ने तयारी गरेको छ। विशेष गरी जेनजी सम्झौतासँग सम्बन्धित परिषद् गठन भइसकेको र आयोगका प्रतिवेदनहरू बुझ्ने क्रममा रहेको उनले बताइन् ।

सरकार सञ्चालनका क्रममा देखिएका कमी-कमजोरी र अनुभवहरूलाई समेटेर एउटा श्वेतपत्र जस्तो दस्ताबेज तयार पारी नयाँ सरकारलाई बुझाउने योजना रहेको पनि कार्कीले बताइन् । 'हामीले देखेका कमी कमजोरीहरूको लामो फेहरिस्त छ। त्यसको एउटा मेमोरी चाहिँ उहाँहरूलाई जानकारी गराउने गरी हामी बताउने प्रयास गर्छौं,' उनले भनिन् ।

नयाँ सरकारसँगको अपेक्षाः बाकसमा लास फर्कन नपरोस्

नयाँ सरकारले युवाहरूको आशा र भरोसालाई मर्न दिन नहुनेमा प्रधानमन्त्री कार्कीको जोड छ । 'नेपालीहरूले रोजगारीको निम्ति बिदेसिन नपरोस्। कलिला युवाहरू नोकरी गर्न जाने र त्यहाँबाट मृत्युवरण भएर बाकसमा फर्किनुपर्ने यस्ता घटना अब नहोस्' उनले भनिन्, 'मुलुकको आर्थिक विकास होस् र सुशासन कायम होस् भन्ने चाहना छ ।'

केही स्थानमा आज मतगणना थालिने



❐ काँक्रेविहार संवाददाता
काठमाडौं, २१ फागुन

बिहीबार सम्पन्न प्रतिनिधिसभा निर्वाचनको मतगणना सुगम क्षेत्रमा बिहीबारै थालिने भए पनि दुर्गम र हिमाली क्षेत्रमा भने यो शुक्रबार सुरु गरिने भएको छ । दुर्गम र विकट क्षेत्रका मतपेटिका हेलिकप्टरबाट संकलन गर्नुपर्ने भएकाले शुक्रबार मात्रै मतगणना सुरु गर्न सकिने निर्वाचन आयोगका कार्यवाहक प्रमुख आयुक्त रामप्रसाद भण्डारीले जानकारी दिए ।

'हामी सबै मतपेटिका संकलन गर्दै छौं, विकट र दुर्गम ठाउँबाट हेलिकप्टरमा समेत मतपेटिका ओसार्न समय लाग्छ', उनले भने ।

सोलुखुम्बु, संखुवासभा र ताप्लेजुङका १६ वटा मतदानस्थल, गण्डकी प्रदेशका ३२ वटा मतदानस्थल, बागमतीका रसुवा, दोलखा र धादिङका केही मतदान केन्द्रका मतपेटिका केन्द्रमा ल्याएर मात्र मतगणना गरिनेछ ।

यस्तै लुम्बिनी प्रदेशस्थित रुकुमपूर्वका ७ वटा मतदानस्थल, कर्णाली प्रदेशका हुम्ला, डोल्पा र रुकुम पश्चिमका ४० वटा मतदानस्थलका मतपेटिका पनि केन्द्रमै ल्याएर मतगणना गर्नुपर्ने छ ।

यसैगरी सुदूरपश्चिमका दार्चुला, बाजुरा र बझाङका २० वटा मतदानस्थलका मतपेटिका पनि संकलन गर्न समय लाग्ने भएकाले शुक्रबार मात्र मतगणना सुरु गरिने आयोगका कार्यवाहक प्रमुख आयुक्त भण्डारीले बताए ।

सम्पादकीय


मत परिणाम स्वीकार गरौं

प्रतिनिधिसभा सदस्य निर्वाचन अन्तर्गत कर्णाली प्रदेशका १० वटै जिल्लामा शान्तिपूर्ण रूपमा मतदान सम्पन्न भएको छ । लोकतान्त्रिक अभ्यासको महत्वपूर्ण पर्व मानिने निर्वाचनमा कर्णालीका मतदाताले सहभागिता जनाउँदै आफ्नो मताधिकार प्रयोग गरेका छन् । प्रारम्भिक विवरणअनुसार यस पटक प्रदेशभर कुल ५५.१ प्रतिशत मत खसेको छ । कर्णालीका ९४१ मतदान स्थल र १ हजार ४३७ मतदान केन्द्रमार्फत मतदान सम्पन्न भएको हो । कर्णालीका कुल १० लाख ४८ हजार १३८ मतदातामध्ये ५ लाख ७७ हजार ५४२ जनाले मतदान गरेका थिए । यो सहभागिता लोकतन्त्रप्रति नागरिकको भरोसा र जिम्मेवारीबोधको संकेत थियो । तर दुर्गम भौगोलिक अवस्था, मौसम तथा यातायातका कठिनाइ हुँदाहुँदै पनि मतदान शान्तिपूर्ण रूपमा सम्पन्न हुनु सकारात्मक पक्ष हो । सुरक्षा व्यवस्था मिलाइएपछि दुर्गम जिल्लाहरूमा समेत मतदाताले उत्साहका साथ मतदानमा भाग लिएका थिए । मतपेटिका संकलन र मतगणनाको तयारी जारी नै छ ।

जिल्लागत रूपमा हेर्दा डोल्पामा सबैभन्दा बढी ६५.७३ प्रतिशत मतदान भएको छ भने डोल्पा, मुगु र रूकुम पश्चिममा पनि तुलनात्मक रूपमा राम्रो सहभागिता देखिएको छ । जाजरकोट, जुम्ला र सुर्खेतमा मध्यम स्तरको मतदान भएको देखिन्छ । भने दैलेख, कालिकोट र सल्यानमा भने अपेक्षाकृत कम मत खसेको छ । यसले विभिन्न जिल्लामा मतदाता सहभागिताको अवस्था फरक-फरक रहेको देखाउँछ । यस निर्वाचनमा कर्णालीका १२ निर्वाचन क्षेत्रमा कुल १३२ जना उम्मेदवार चुनावी प्रतिस्पर्धामा छन् । निर्वाचन लोकतन्त्रको प्रतिस्पर्धात्मक अभ्यास हो । यस प्रक्रियामा मतदाताले आफ्नो विवेक प्रयोग गरेर प्रतिनिधि चयन गरीसकेका छन् । तर त्यसैको चुनावी अन्तिम परिणाम वा निर्णय पनि मतदाताकै हातमा थियो । मतदान सम्पन्न भइसकेपछि अब सबैको ध्यान मतगणना र अन्तिम परिणामतर्फ केन्द्रित छ । यहींबाट लोकतान्त्रिक संस्कारको अर्को महत्वपूर्ण परीक्षा सुरू हुन्छ । निर्वाचनमा जित र हार स्वाभाविक कुरा हुन् । प्रतिस्पर्धामा सबैले जित्न सक्दैनन्, तर लोकतन्त्रमा सबैले परिणाम स्वीकार गर्नुपर्छ । चुनावका क्रममा विभिन्न दल र उम्मेदवारहरूले आ-आफ्ना एजेण्डा प्रस्तुत गरेका थिए । मतदाताले ती एजेण्डा, व्यक्तित्व र कार्यक्षमताको आधारमा निर्णय दिएका छन् । त्यसैले परिणाम जे आए पनि त्यसलाई सम्मानपूर्वक स्वीकार गर्नु लोकतान्त्रिक परिपक्वताको संकेत हो ।

नेपालमा चुनावपछिको वातावरण कहिलेकाहीँ विवाद र आरोप-प्रत्यारोपतर्फ मोडिने गरेको अनुभव छ । तर यस्तो प्रवृत्तिले लोकतान्त्रिक प्रणालीलाई कमजोर बनाउँछ । मतदाताको निर्णयलाई अस्वीकार गर्नु भनेको अन्ततः लोकतान्त्रिक प्रक्रियामाथि नै प्रश्न उठाउनु हो । यसकारण निर्वाचन परिणाम आउँदै गर्दा सबै राजनीतिक दल, उम्मेदवार र समर्थकहरूले संयमता अपनाउनु आवश्यक छ । परिणाम आफ्नो पक्षमा आए पनि नम्रता र जिम्मेवारीका साथ व्यवहार गर्नुपर्छ, नआए पनि धैर्यका साथ स्वीकार गर्नुपर्छ । लोकतन्त्रको सुन्दरता नै यही हो । कनिकी जनताको मत सर्वोपरि हुन्छ । त्यसैले कर्णालीको यो निर्वाचनबाट आउने जनमतलाई सम्मान गर्दै सबैले परिणाम स्वीकार गर्ने राजनीतिक संस्कार विकास गर्नु आजको आवश्यकता हो । त्यसैले यस पटकको निर्वाचनमा मतपरिणाम जे जस्तो आएपनि सबैले मत परिणाम स्वीकार गर्ने सामर्थ राखौं ।

राष्ट्रपतिले जुक्ति लगाएपछि संविधान जोगिँदै यसरी सम्भव भयो २१ फागुनको निर्वाचन



रमेश सापकोटा

“राष्ट्रपति र उनको कार्यालयले जारी गर्नुपर्ने विज्ञप्ति र सम्बोधन तत्कालीन सेना प्रमुख अशोकराज सिग्देलले गरेका थिए । शीतलनिवासमा होइन, भद्रकालीस्थित जंगी अड्डामा राजनीतिक गाँठो फुकाउन शृंखलाबद्ध वार्ता र संवाद भएका थिए । तर, बचेको एउटै राष्ट्रपति संस्थालाई पौडेलले निष्प्रभावी हुन दिएनन् ।

‘मलाई त्यो दिन अझै स्पष्ट याद छ । शपथग्रहण सकिएलगत्तै राष्ट्रपतिज्यूले प्रधानमन्त्री सुशीला कार्कीसँग हात मिलाउँदै भन्नुभएको थियो, ’ल, अब देशको भार तपाईंको काँधमा छ । तोकिएको समयमै चुनाव गराउनुहोला । शुभकामना,’ चुनावको अघिल्लो दिन बुधबार जेन-जी अगुवा रक्षा बमले सामाजिक सञ्जालमा लेखेकी छन्, ‘यति शब्द सुनेर मेरो मनै भक्कानिएर आएको थियो । आन्दोलनमा सडकमा आफ्नै साथीहरूको रगत देखेर मेरा सबै प्रकारका भावनाहरू शून्यजस्तै भएका थिए । तर, त्यस क्षणमा लोकतन्त्र जोगियो भन्ने अनुभूतिले मेरा आँखा रसाएका थिए ।’

राष्ट्रपति रामचन्द्र पौडेलकै समन्वय र कुशलताले जेन-जी विद्रोहले लोकतन्त्र जोगिएकोमा बमले धन्यवादका शब्द खर्चिएकी छन् । ‘आदरणीय राष्ट्रपतिज्यू, धन्यवाद । तपाईं हाम्रो लोकतन्त्रको आधारस्तम्भ हुनुहुन्छ । संकटको घडीमा संवैधानिक मर्यादा र दृढता कस्तो हुनुपर्छ भन्ने उदाहरण तपाईंले दिनुभयो,’ प्रधानमन्त्रीको पनि प्रंशसा गर्दै बमले सामाजिक सञ्जालमा लेखेकी छन्, ‘आदरणीय प्रधानमन्त्रीज्यू धन्यवाद, देश जोगाउनुभएकोमा; जिम्मेवारी स्वीकारेर कठिन समयमा अगाडि बढ्नुभएकोमा ।’

बम मात्रै होइन, संकटका बीच मुलुक चुनावबाट पुनः संवैधानिक बाटोमा फर्किन लागेकोमा अर्की जेन-जी अगुवा तनुजा पाण्डे पनि राष्ट्रपतिकै अडानले व्यवस्था जोगिएको लेखेकी छन् । ‘कसैले राष्ट्रपति किन चाहिन्छ भनेर प्रश्न गऱ्यो भने रामचन्द्र पौडेलको नाम नै पर्याप्त उत्तर हो,’ तनुजाले लेखेकी छिन्, ‘ज्यान जाला, तर लोकतन्त्र मर्नु हुँदैन । गद्दार गर्न खोज्नेहरूविरुद्ध दृढ अडान लिनुभएकोमा सधैं उच्च सम्मान ।’ दुईतिहाइ हाराहारीको सरकारका प्रधानमन्त्रीको राजीनामा, संसद विघटन गरेर गैरसांसदलाई प्रधानमन्त्री बनाउने अभ्यासले मुलुकलाई जटिल संवैधानिक संकटमा पुऱ्याएको थियो । राज्यका व्यवस्थापिकाको संसद भवन, कार्यपालिकाको सिंहदबार, न्यायपालिकाका सर्वोच्च अदालतदेखि गणतन्त्रको प्रतीक राष्ट्रपति कार्यालयसम्म जलेर खरानी भएको स्थिति आउनु सानो संकट थिएन । प्रधानमन्त्री केपी शर्मा ओली राजीनामापछि नेपाली सेनाको सुरक्षामा थिए । सरकारका मन्त्रीदेखि दलका नेतासम्म सेना-प्रहरीको सुरक्षामा बस्नुपर्ने कहालीलाग्दो अवस्था थियो । आफ्नै कार्यालयसमेत आगो लागेर क्षति पुगेपछि राष्ट्रपति पौडेलसमेत दबाब र तनावमा थिए । तर, यो भौतिक संरचना जले पनि राष्ट्रपति संस्था जीवित थियो ।जनताको प्रतिनिधिको संस्था विघटन हुँदा एउटै भरोसा राष्ट्रपति पौडेलमाथि थियो । तर पनि उनीमाथि दबाब हटेको थिएन । जनताका प्रतिनिधि तितरबितर हुँदा राष्ट्रपतिले सहजीकरण गर्नुपर्नेमा नेपाली सेना अग्रसर भएको थियो । राष्ट्रपति र उनको कार्यालयले जारी गर्नुपर्ने विज्ञप्ति र सम्बोधन तत्कालीन सेना प्रमुख अशोकराज सिग्देलले गरेका थिए । शीतलनिवासमा होइन, भद्रकालीस्थित जंगी अड्डामा राजनीतिक गाँठो फुकाउन शृंखवाबद्ध वार्ता र संवाद भएका थिए । तर, बचेको एउटै राष्ट्रपति संस्थालाई पौडेलले निष्प्रभावी हुन दिएनन् । आन्दोलनको मागअनुसार गैरसांसद कार्कीलाई प्रधानमन्त्री बनाएर भए पनि संवैधानिक प्रक्रियालाई पौडेलले थप संकटमा पर्न दिएनन् । कार्कीलाई २७ भदौमा प्रधानमन्त्री बनाएर संसद विघटन गरेपछि राष्ट्रपतिले जारी गरेको वक्तव्यले संकटको गहिराइ बताउँछ । ‘कठिन प्रयत्नले शान्तिपूर्ण निकास निस्किएको र यसमा आफूले जुक्ति लगाएको विज्ञप्तिमै उल्लेख छ ।

‘देशको अत्यन्त असहज, विषम र भयपूर्ण परिस्थितिमा कठिन प्रयत्नपश्चात एउटा शान्तिपूर्ण निकास निस्किएको छ । संविधान बचेको छ, संसदीय प्रणाली बचेको छ र संघीय लोकतान्त्रिक गणतन्त्र कायम रहेको छ । ६ महिनाभित्र प्रतिनिधिसभाको निर्वाचन सम्पन्न गरी अझ उन्नत लोकतन्त्रको बाटोमा अघि बढ्न जनताले अवसर पाएका छन्,’ पौडेलले भनेका थिए, ‘तसर्थ, बडो जुक्तिले प्राप्त अवसरको सदुपयोग गर्दै जनता रिझाउने र आफैंमा सम्हालिँदै आगामी फागुन २१ गते हुने चुनाव सम्पन्न गराउने काममा सहयोग गर्न म सबै पक्षलाई हार्दिक अपिल गर्दछु ।’ राजनीतिमा मुखर हुन खोजेका सेनालाई मत्थर गराउन राष्ट्रपतिले संयमित भएर कदम चालेको जेन-जी अगुवादेखि दलका नेताले नै पटकपटक बताउँदै आएका छन् । संकटपूर्ण अवस्थामा असंवैधानिक रूपमा आएकी प्रधानमन्त्री कार्कीको दलसँग संवाद पनि राष्ट्रपति पौडेलकै कारण सम्भव भएको थियो । प्रधानमन्त्रीदेखि संसदकै भाष्यमा राष्ट्रपतिलाई समेत हटाउनुपर्ने गरी राप्रपाले दबाबसमेत सिर्जना गरेको थियो तर, राष्ट्रपति पौडेल विचलित भएनन् राजनीतिक विश्लेषक चन्द्रकिशोर त्रासको अवस्थाबाट संविधान जोगाउन राष्ट्रपतिले कानुनी र राजनीतिक सहजीकरण गरेको बताउँछन् । ‘त्रासको मनोविज्ञानबाट संविधानको एउटा धारा अतिक्रमण गरेर पनि राष्ट्रपतिले प्रधानमन्त्रीलाई नियुक्ति दिनुभएको थियो । तर, त्यो अवस्थाबाहेक संविधानलाई चलाउने काम भएन,’ चन्द्रकिशोरले शिलापत्रसँग भने, ‘संविधान लिकमै छ है भन्ने भाष्य बनाइरहनुभयो । निर्वाचन समयमै हुँदा त्यो अब पूरै लिकमा आउने चरणमा प्रवेश गरेको छ ।’

सँगै राजनीतिक संवादमा सरकार र दललाई जोडेर राष्ट्रपतिले अर्को महत्त्वपूर्ण समन्वय गरेको चन्द्रकिशोर बताउँछन् । ‘अप्ठ्यारोमा आउनुभएकी प्रधानमन्त्रीमाथि संवैधानिक प्रश्न थियो । राजनीतिक दलबाट उहाँमाथि संशय थियो । दलहरूसँग वार्ता र संवाद नै नगर्नेजस्तो परिस्थिति थियो,’ चन्द्रकिशोर भन्छन्, ‘तर प्रधानमन्त्रीलाई राष्ट्रपतिले राजनीतिक सहयोग गर्नुभयो । राष्ट्रपतिले अग्रसरता लिएपछि कांग्रेस, एमाले, नेकपाका शीर्ष नेतासँग प्रधानमन्त्रीको संवाद हुन सक्यो । त्यही संवादले मुलुकलाई निर्वाचनमा डोऱ्याएर आज मुलुकमा मतदान शान्तिपूर्ण रूपमा हुनेसम्मको स्थिति आएको हो । सेनालाई मुखरभन्दा मत्थर गराउने भूमिका राष्ट्रपतिले नै निभाउनुभयो । उहाँको अग्रसरतापछि अन्तर्राष्ट्रिय शक्तिले पनि राष्ट्रपतिलाई महत्त्व दिए ।’

६ महिनाअगाडिको त्यो संकटबाट मुलुक निर्धारित मितिमै चुनाव गर्नेसम्मको बाटोमा आएको छ । राजनीतिक जटिलता र संक्रमण फेरि लम्बिन सक्छन् । तर, बिथोलिएको संवैधानिक प्रक्रिया पूर्वराष्ट्रपति डा. रामवरण यादवका प्रेस सल्लाहकार एवं वरिष्ठ पत्रकार राजेन्द्र दाहाल विध्वंस र संकटपछि चुनाव गराउने वातावरण बनाएको राष्ट्रपति र प्रधानमन्त्रीको संस्थालाई धन्यवाद मात्रै भन्न सकिने बताए ।‘राष्ट्रपति, प्रधानमन्त्री, सुरक्षा प्रमुखलाई ठूलो प्रशंसा गर्नुपर्छ भन्ने म ठान्दिनँ । तर, निर्वाचन गराएकोमा धन्यवाद भने दिन्छु,’ दाहालले शिलापत्रसँग भने, ‘त्यो स्थिति सम्हाल्नैपर्ने दायित्व हो । त्यो पदमा बस्नेले गर्नैपर्छ ।’

राष्ट्रपतिले ’जुक्ति लगाएँ’ भने पनि त्यो संस्थाले समयमा हस्तक्षेप गर्न नसकेको दाहाल बताउँछन् । ‘राष्ट्रपतिले बडो जुक्ति लगाएर व्यवस्था बचाएँ भन्नुभयो । तर, त्यो राष्ट्रपति संस्थाको काम नै थियो,’ दाहालले भने, ‘ २४ भदौमा देशमा अराजकता हुन थालेदेखि नै राष्ट्रपति संस्थाले तदारुकता देखाउनुपर्थ्यो । त्यो तदारुकता जिम्मेवार संस्थाबाट नभएकोमा मलाई क्षोभ र दुःख छ । संसद, सिंहदरबार, सर्वोच्च जल्यो । संविधान खण्डित भयो, ठुटो भयो । यद्यपि, चुनाव गराएकोमा उहाँहरूलाई धन्यवाद दिन सकिन्छ । तर, आन्दोलनकारीले संसद भवन जलाएका हुन् । संसद विघटन राष्ट्रपतिले गरेका हुन् ।’ कांग्रेस नेता राधेश्याम अधिकारी प्रधानमन्त्री र नेता नै सुरक्षामा बस्नुपरेको अवस्थादेखि चुनावसम्म आइपुग्नुको अर्थ धेरै रहेको बताउँछन् । ‘२३ र २४ भदौमा मान्छे मरेका थिए । आन्दोलनको रापताप थियो । प्रधानमन्त्रीले राजीनामा दिएर पनि सेनाको सुरक्षामा बस्नुपरेको थियो । अरु नेताको पनि हालत यस्तो थियो,’ अधिकारी भन्छन्, ‘त्यस्तो अवस्थाबाट राष्ट्रपतिज्यूले समन्वय र सहजीकरण गर्नुभयो, जसले थप संवैधानिक जटिलता हुन दिएन र मुलुक आज चुनावको अवस्थासम्म आइपुगेको छ । उहाँले पनि बडो जुक्तिले त्यतिखेर लोकतान्त्रिक गणतन्त्र कायम रहेको बताउनुभएको थियो ।’ वरिष्ठ अधिवक्ता टीकाराम भट्टराई संविधानलाई बलपूर्वक भत्काउने अवस्थाबाट लिकमा ल्याउने चरणमा मुलुक प्रवेश गरेको बताउँछन् । ‘संविधानलाई बलपूर्वक भत्काइएको थियो । २४ भदौमा भत्काउन खोजिएको संविधान आजको निर्वाचनले लिकमा ल्याउने चरणमा प्रवेश गराएको छ । यो राम्रो भएको छ,’ भट्टराईले शिलापत्रसँग भने, ‘ भविष्यमा यस्तो गैरसंवैधानिक काम कहीं कतैबाट हुनु हुँदैन । विधिको शासन स्थापना गर्नेमा अब अगाडि बढे उपलब्धि हुनेछ । यसका लागि राष्ट्रपति र प्रधानमन्त्रीलाई धन्यवाद दिनुपर्छ ।’

संविधानले नचिने पनि निर्वाचन गराएकाले यसको श्रेय प्रधानमन्त्री कार्कीलाई दिनुपर्ने उनी बताउँछन् । ‘सुशीला कार्कीको नियुक्ति असंवैधानिक ढंगले भएको थियो ।

संविधानले नचिनेको प्रधानमन्त्री भए पनि निर्वाचन शान्तिपूर्ण ढंगले गराउनुभयो । यसैले यसको श्रेय उहाँलाई दिनुपर्छ,’ भट्टराईले भने, ‘राष्ट्रपतिले जोखिम मोलेर लोकतन्त्र, संविधान र गणतन्त्र बचाएँ भन्नुभएको थियो । उहाँले व्यवस्थालाई लिकमा ल्याउन भूमिका खेल्नुभएको हो ।’

प्रारम्भमा केही कुरा संविधानभन्दा बाहिर ल्याएर गर्नुपरे पनि त्यो कदमपछि संविधान लिकमा आउने बाटो खुलेको छ तर, फरक परिस्थितिमा भएको आरोप प्रत्यारोपको राजनीति र समीकरणले अब बन्ने संसद पनि चुनौतीपूर्ण बन्न सक्नेछ । पुराना र नयाँको भाष्य र आरोप प्रत्यारोपले आगामी राजनीतिक परिदृश्य पनि उत्तिकै चुनौतीपूर्ण हुने देखिन्छ । संवैधानिक संकट टेरेर राजनीतिक संकटमा मुलुक फस्ने हो कि भन्ने चिन्तामा राजनीतिक विश्लेषक र दलका नेता छन् ।

मनोरञ्जन

कलाकारले मतदान गरेपछि के भने ?

प्रतिनिधिसभा निर्वाचनका लागि मतदान जारी छ । मतदाताहरूले उत्साहपूर्वक मतदान गरिरहेका छन् । कलाकर्मीहरू पनि आ-आफ्ना मतदान केन्द्रमा पुगेर मतदान गरिरहेका छन्। मतदानपछि उनीहरूले मसी लगाएको औंला तथा मतदान गरेको तस्बिर सामाजिक सञ्जालमा राख्दै आफ्ना फ्यानहरूलाई पनि मतदान गर्न र लोकतन्त्रलाई बलियो बनाउन प्रेरित गरिरहेका छन् ।

हरिवंश आचार्य (अभिनेता)

वरिष्ठ कलाकार हरिवंश आचार्यले बूढानीलकण्ठ नगरपालिका-५, विष्णुमती पुलस्थित मतदान केन्द्रबाट मतदान गरेका छन् । मतदान गरेको तस्बिर सामाजिक सञ्जालमा पोस्ट गर्दै उनले लेखेका छन् , ‘मैले मेरो लोकतान्त्रिक अधिकारको प्रयोग गरी मतदान गरे ।

आशा गर्छु यो निर्वाचनले देशले खोजेको असल र सक्षम नेतृत्व पाउने छ । साथै जटिल परिस्थितिबाट देशलाई निर्वाचन गराई निकासको बाटोमा पुऱ्याईदिनुभएकोमा प्रधानमन्त्री सुशीला कार्की नेतृत्वको सरकारलाई बधाई तथा धन्यवाद ।’

दीपाश्री निरौला (अभिनेत्री)

अभिनेत्री तथा निर्देशक दीपाश्री निरौलाले विराटनगर महानगरपालिका-७ गहेलीस्थित आदर्श बालिका माध्यमिक विद्यालयबाट मतदान गरेकी छन्। उनी मोरङ क्षेत्र-६ की मतदाता हुन् । मतदान गरेको तस्बिर सामाजिक सञ्जालमा राख्दै उनले नागरिकको कर्तव्य पूरा गरेको उल्लेख गरेकी छन् ।

विजय बराल (अभिनेता)

‘पूर्णबहादुरको सारङ्गी’ फेम्ड अभिनेता विजय बराल सर्लाही क्षेत्र नम्बर १ का मतदाता हुन् । उनले लालबन्दीस्थित मतदान केन्द्रबाट मतदान गरेका छन्। उनले ‘आजको मत भोलिको परिवर्तन’ भनेका छन्। मतदान गरेको तस्बिर सामाजिक सञ्जालमा सेयर गर्दै उनी लेख्छन्, ‘आज मैले मेरो अधिकार मात्र होइन, जिम्मेवारी पनि पूरा गरें ।’

कोमल वली (गायिका)

गायिका कोमल वलीले दाङको तुलसीपुर उपमहानगरपालिका-८, कृष्णमन्दिर मतदान केन्द्रबाट मतदान गरेकी छन् । देश निर्माण र समृद्धिका पक्षमा आफ्नो अमूल्य मतदान गरेको उनले उल्लेख गरेकी छन् । मतदान गरेको तस्बिर सार्वजनिक गर्दै वली लेख्छिन्, ‘मतदान केवल अधिकार होइन, राष्ट्र निर्माण र आगामी पुस्ताको भविष्यप्रतिको जिम्मेवारी पनि हो ।’ उनले मतदान गर्दै सबैलाई मतदान गर्न सुझाएकी छन् ।

शिव परियार (गायक)

गायक शिव परियारले काठमाडौं क्षेत्र नम्बर २ स्थित मतदान केन्द्रबाट मतदान गरेका छन् । मतदान गरेपछि तस्बिर सामाजिक सञ्जालमा पोस्ट गर्दै उनले लेखेका छन्, ’प्रतिनिधिसभा निर्वाचन २०८२ मा काठमाडौं क्षेत्र नम्बर २ का प्रत्यक्ष उम्मेदवार र समानुपातिक उमेदवारलाई मतदान गरियो । नेपालको एक नागरिकको हैसियतले यही कामना गर्दछु- अबको युगमा हाम्रो नेपाल देशले पनि सबै आयामबाट विकसित अन्य राष्ट्रसरह काँचुली फेर्न सकोस् ।’

रिस्ता बस्नेत (अभिनेत्री)

अभिनेत्री रिस्ता बस्नेतले मतदान गरेपछि आशा अनि विश्वासका साथ मतदान गरेको सामाजिक सञ्जालमा लेखेकी छन् ।

प्रकाश सपुत (गायक)

गायक तथा अभिनेता प्रकाश सपुतले बागलुङको काठेखोला-३ धम्जास्थित मतदान केन्द्रबाट मतदान गरेका छन् । मतदानपछि उनी सामाजिक सञ्जालमा लेख्छन्, ‘स्थिरता, शान्ति र समृद्धिको आशासहित मत राखियो । अधिकार र जिम्मेवारी पूरा गरियो ।’ प्रकाश रास्वपाबाट समानुपातिक उम्मेदवार समेत छन् ।

आशिका तामाङ (अभिनेत्री)

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) बाट धादिङ-१ मा उम्मेदवार बनेकी आशिका तामाङ अभिनेत्री समेत हुन् । उनले बिहीबार आफ्नो निर्वाचन क्षेत्रबाट मतदान गरेकी छन् ।

रचना रिमाल (गायिका)

गायिका रचना रिमालले झापा क्षेत्र नम्बर १ को श्री जनज्योति आधारभूत विद्यालय मतदान केन्द्रबाट मतदान गरेकी छन् । सामाजिक सञ्जालमा मतदानपछिको तस्बिर पोस्ट उनी लेख्छिन्, ‘मैले त मतदान गरें, हजुरले गर्नुभयो ?’

सुरक्षा पन्त (अभिनेत्री)

अभिनेत्री सुरक्षा पन्तले बुटवलको मिलन चोकस्थित सडक विभाग मतदान केन्द्रबाट मतदान गरेकी छन् । रुपन्देही क्षेत्र नम्बर २ की मतदाना सुरक्षाले भोट हालेपछि समाजिक सञ्जालमा लेखेकी छन्,

विश्व

मध्यपूर्व युद्धले रुस-युक्रेन वार्ता रोकियो : जेलेन्स्की



मध्यपूर्वमा चर्किएको इरानसम्बन्धी युद्धका कारण संयुक्त राज्य अमेरिकाको मध्यस्थतामा रूस र युक्रेनबिच यस साता हुने भनिएको नयाँ चरणको वार्ता स्थगित भएको युक्रेनी राष्ट्रपति भोलोदिमर जेलेन्स्कीले बताएका छन् । अन्तर्राष्ट्रिय ध्यान अहिले मध्यपूर्वतर्फ केन्द्रित भइरहेका बेला किएभले भने इरानी ड्रोनको सामना गर्ने आफ्नो अनुभवबारे विभिन्न देशबाट सहयोगको प्रस्ताव प्राप्त गरिरहेको जनाएको छ। जेलेन्स्कीका अनुसार संयुक्त राज्य अमेरिका र मध्यपूर्वका केही सहयोगी राष्ट्रहरूले इरानद्वारा प्रयोग भइरहेका साहेद ड्रोनविरुद्ध प्रतिरक्षा उपायबारे युक्रेनसँग सहयोग खोजिरहेका छन् । रूसले चार वर्षअघि युक्रेनमाथि आक्रमण सुरु गरेपछि हजारौँ साहेद ड्रोन प्रयोग गरिसकेको अनुभव युक्रेनसँग रहेको उनले बताए। पछिल्लो समयमा इरानले पनि इरानी लक्ष्यहरूमा भएका संयुक्त अमेरिकी-इजरायली आक्रमणको जवाफ त्यही प्रकारका ड्रोनमार्फत दिएको उल्लेख गरिएको छ ।

छैटौँ दिनमा प्रवेश गरेको इरानसम्बन्धी युद्धले दोस्रो विश्वयुद्धपछिको युरोपको सबैभन्दा ठूलो सङ्कर्ष मानिएको रूस-युक्रेन युद्धबाट अन्तर्राष्ट्रिय ध्यान केही हदसम्म मोडिएको छ । पश्चिमी सरकार र विश्लेषकहरूका अनुसार रूस-युक्रेन युद्धमा लाखौँ मानिसको ज्यान गइसकेको छ, तर एक वर्षदेखि जारी अमेरिकी नेतृत्वको शान्ति प्रयासले लडाइँ चाँडै अन्त्य हुने सङ्केत भने अझै दिएको छैन ।

जेलेन्स्कीले बुधबार राति सम्बोधन गर्दै इरान वरपरको सुरक्षा अवस्थाका कारण तीनपक्षीय कूटनीतिक बैठकका लागि आवश्यक वातावरण अझै नबनेको बताए । “अहिले इरानसँग सम्बन्धित अवस्थाका कारण त्रिपक्षीय बैठकका लागि आवश्यक सङ्केतहरू प्राप्त भएका छैनन्”, उनले भने, “तर सुरक्षा अवस्था र समग्र राजनीतिक सन्दर्भ अनुकूल हुनेबित्तिकै त्यो कूटनीतिक प्रक्रिया पुनः सुरु गरिनेछ ।” उनका अनुसार इरानी ड्रोनविरुद्ध प्रतिरक्षा उपायबारे सहयोगका लागि विभिन्न देशहरूले युक्रेनसँग सम्पर्क गरिरहेका छन् । हालैका दिनमा उनले संयुक्त अरब इमिरेट्स, कतार, बहराइन, जोर्डन र कुवेतका नेताहरूसँग सम्भावित सहकार्यबारे छलफल गरेका छन् ।

तर उनले युक्रेनले यस्तो सहयोग आफ्नो सुरक्षा कमजोर नपर्ने अवस्थामा मात्र उपलब्ध गराउने स्पष्ट पारे । साथै यस्तो सहकार्यले रूसी आक्रमण रोक्ने किएभको कूटनीतिक प्रयासलाई सहयोग पुर्याउनु पर्ने सर्त पनि उनले राखे । “हामीलाई, युक्रेनलाई, युद्धको उचित अन्त्य गर्न सहयोग गर्नेहरूलाई हामी पनि युद्धबाट जोगिन मद्दत गर्न तयार छौं”, जेलेन्स्कीले भने । यसैबिच, युद्धको अध्ययन संस्थानका अनुसार युक्रेनी सेनाले करिब एक हजार २५० किलोमिटर लामो मोर्चामा केही स्थानहरूमा रूसी सेनालाई पछाडि धकेल्न सफल भएको छ । वासिङ्टनस्थित उक्त थिङ्क ट्याङ्कका अनुसार फेब्रुअरीको अन्तिम दुई साताभा युक्रेनी सेनाले स्थानीय स्तरका प्रतिआक्रमणमार्फत गुमाएको भन्दा बढी भूभाग पुनः नियन्त्रणमा लिएको छ ।

संस्थानले जनवरी १ यता युक्रेनले करिब २५७ वर्गकिलोमिटर (१०० वर्गमाइल) क्षेत्र पुनः आफ्नो नियन्त्रणमा ल्याएको अनुमान गरेको छ ।

चुनाव सकियो, के भन्छन् नागरिक समाजका अगुवा ?



काँक्रेविहार संवाददाता
काठमाडौं, २१ फागुन

गत २३ र २४ भदौमा भएको जेन-जी विद्रोहपछि संवैधानिक शून्यतातर्फ उन्मुख देशलाई चुनावमार्फत सही ट्र्याकमा ल्याउने काममा अन्तरिम सरकार सफलउन्मुख रहेको छ। सुशीला कार्की नेतृत्वको सरकारले चुनाव गराएर नयाँ संसदको उदय गराउन पाएको म्यान्डेटलाई पूरा गरेको छ। सरकारले गरेको काम र चुनावका बारेमा नागरिक समाजका अगुवाले व्यक्त गरेको धारणा जस्ताको त्यस्तै प्रस्तुत गरेका छौं:

केदाभक्त माथेमा, नागरिक समाजका अगुवा

सुशीला कार्की नेतृत्वको सरकारलाई बधाई दिनैपर्छ। धेरै ठाउँमा डराइरहेका पनि थियौं, के-कस्तो होला भनेर। पर्यवेक्षक भएर काठमाडौं उपत्यकाका विभिन्न ठाउँ डुलैं पनि। बुथबाहिर पनि सौहार्दपूर्ण व्यवहार गर्नुभएको देखेर प्रभावित पनि भएँ।

हामीले प्रजातान्त्रिक संस्कार सिकेछौं। विभिन्न पार्टीका मानिसहरू भएर पनि कुनै वादविवाद वा ठूलो स्वर देखिएन। चुनावपछि बलियो सरकार आइदिए नेपालका लागि राम्रो हुन्थ्यो। पोलिङ अफिसरसँग कुरा गर्दा खास युवा बाहिर भएको हुनाले जति आउनुपर्थ्यो, त्यति आएको छैन भन्नुहुन्थ्यो।

पाटन क्षेत्र, भैंसेपाटी, बानेश्वर क्षेत्रमा सामान्य अवस्थामा चुनाव भइरहेको थियो। यसका लागि जनतालाई पनि धन्यवाद दिनैपर्छ, उहाँहरूले देखाएको संस्कार उदाहरणीय छ।

यसपालिको चुनाव ठूलाठूला माइक लगाएर भाषण गर्ने, तुल ब्यानर टाँग्नेभन्दा पनि सामान्य शैलीमा प्रचार गरेको देखियो। उहाँहरूको लडाइँ छ भने सोसल मिडियामा होला।

अब आउने सरकारका अगाडि धेरै मुद्दाहरू छन्। संविधान संशोधन, सुशासन, भ्रष्टाचार नियन्त्रणलगायतका कुराहरू छन्। आगामी सरकारले डेलिभरीमा यताउता गरेमा जनताले प्रश्न उठाउन थाल्छन्। यसले सबै निराकरण गऱ्यो भन्ने होइन, सामान्य बाटोमा गयो।

भोजराज पोखरेल, पूर्वप्रमुख निर्वाचन आयुक्त

चुनावको ढाँचा र प्रक्रिया उही नै हो। विगतको भन्दा शान्तिपूर्वक भयो। चुनाव नै हुँदैन भन्दाभन्दै शान्तिपूर्वक हुनु आफैंमा सफल हो। संवैधानिक रिक्तताको डर थियो, त्यो नहुने भयो। अब सबै कुरा संसदमा हुने भयो। सहमति असहमति संसदमा हुने भयो। जनताको राम्रो सहभागिता भयो। शान्त वातावरणमा चुनाव सम्पन्न हुनु सकारात्मक सन्देश हो।

मोहना अन्सारी, मानवअधिकारकर्मी

केही घटनाहरूबाहेक समग्रमा चुनाव शान्तिपूर्ण रह्यो। चुनाव भनेपछि हुने उत्साह पाइएन। अर्को जुन तरिकाले सुरक्षा संयन्त्र परिचालन गरियो, त्यो दुःखद पक्ष हो। थाहा छैन- यो कसको कमजोरी हो ?

केही मान्छेहरूमा कुरा गर्दा परिवर्तनका लागि भन्ने हो। केही मान्छे पुराना मान्छेसँग रिसाएको र भोट हालिसकेपछि शान्त भएका छन्।

विद्याधर मल्लिक, पूर्वप्रशासक/पूर्वमन्त्री

निर्वाचन निकै शान्तिपूर्ण र भयरहित ढंगबाट सम्पन्न भएको छ। ६ महिनाभित्र निर्वाचन गर्ने जुन म्यान्डेट सुशीला कार्की नेतृत्वको अन्तरिम सरकारलाई थियो, तोकिएकै समयमा गर्न सफल भएको छ। यसका लागि कार्की नेतृत्वको सरकारलाई धन्यवाद दिनुपर्छ। निकै साहसका साथ सबैलाई निर्वाचनमा ल्याउने र सफलतापूर्वक सम्पन्न गर्ने काम सरकारबाट भएको छ।

यद्यपि, यो नियमित निर्वाचन नभएर विशेष कारणले, विशेष घटनाले अघि सारिएको आवधिक निर्वाचन हो। चुनावी परिणाम जे-जस्तो आए पनि खास परिवर्तनको पक्षमा, जेन-जी आन्दोलनका माग र उद्देश्यका पक्षमै मत जाहेर भएको छ भन्ने लागेको छ।

राजेन्द्र दाहाल, वरिष्ठ पत्रकार

गराउँछु भनेको चुनाव गराएकोमा सरकारलाई धन्यवाद दिनुपर्छ। यो उहाँहरूको दायित्वअन्तर्गतको काम हो। समयमा चुनाव हुनु सकारात्मक कुरा हो। हठात् विघटन भएपछि चुनाव हुनैपर्ने थियो। जति खर्च लागे पनि चुनाव सम्पन्न भएको छ। यो त प्रक्रियाको कुरा भयो। तर, मुख्य विषय अब बाँकी नै छ।

चुनाव कस्तो भयो भन्ने देखिसक्यौं। अबको संसद कस्तो बन्छ, थाहा छैन। जनतामा भोट हाल्ने कुरामा उत्साह देखिएन। उम्मेदवारले, आशाका सञ्चार गर्लान् भन्ने केही देखिएन। अहिलेसम्मको स्थिति हेर्दा विगतको भन्दा मतदान प्रतिशत कम हुन्छ कि जस्तो देखिएको छ। अर्कोतिर भोलि बन्ने संसदले के डेलिभरी गर्ने हो ? त्यो एजेन्डामा प्रस्ट नभईकन गरिएको चुनाव हो। भोलि केही नेता मन्त्री र सांसद बन्लान् तर एजेन्डा प्रस्ट नहुँदा हिजोको भन्दा अब भन्ने संसद र सरकार कस्तो होला ? पर्याप्त छलफल र एजेन्डा नभएकाले यसै भन्न सकिन्न।

रित्तो मत पेटिकासहित फर्किए कर्मचारी

काँक्रेविहार संवाददाता
दार्चुला, २१ फागुन

जिल्लाको दुई मतदान केन्द्रमा मताधिकार भएका स्थानीयले निर्वाचन नै बहिष्कार गरेका छन्। यहाँको नौगाड गाउँपालिका-१ स्थित गौरीशंकर माबि नागु र अपिहिमाल गाउँपालिका-३ स्थित दुधिला आधारभूत विद्यालय झुस्कु मतदान केन्द्रका मतदाताले निर्वाचन बहिष्कार गरेका हुन्।

स्थानीयको बहिष्कारका कारण प्रत्यक्षतर्फको मतपेटिका रित्तै बोकेर कर्मचारीहरू सदरमुकाम फर्किएका छन्। दुवै मतदान केन्द्रका अस्थायी मतदाता (कर्मचारी)ले मात्रै समानुपातिकतर्फ मतदान गरे।

गौरीशंकर माबि नागुका सहायक मतदान अधिकृत देवसिंह फर्सवानका अनुसार समानुपातिकतर्फ ९ मत खसेको छ। बाटो अप्ठ्यारो भएका कारण शुक्रबार मात्रै सदरमुकाम खलंगा फर्किने उनको भनाइ छ। यस मतदान केन्द्रमा ६०२ जना मतदाता थिए।

उता अपिहिमाल गाउँपालिकामा रहेको दुधिला आधारभूत विद्यालयमा समानुपातिकतर्फ ८ मत खसेको छ। स्थानीयले बहिष्कार गरेका कारण कर्मचारीले हालेको समानुपातिकतर्फको मात्रै मत लिएर सदरमुकाम फर्किएको मतदान अधिकृत प्रेमराज अवस्थीले जानकारी दिए।

'प्रत्यक्षतर्फको मतपेटिका रित्तो लिएर झुस्कुबाट हिडेका छौं। यो मतदान केन्द्रमा ३४६ जना मतदाता थिए' उनले भने।

नागुबासीले एक महिनादेखि नागुमा सडक लगायतका विकास निर्माणको माग राख्दै निर्वाचन बहिष्कारको घोषणा गरेका थिए। नागुबासीलाई फकाउन राजनीतिक दलले सार्वजनिक अपिल, भर्चुअल संवादसमेत गरेका थिए। त्यस्तै प्रमुख जिल्ला अधिकारी अनिल पौडेलले पनि स्थानीयसँग छलफल गरेका थिए।

यहाँका स्थानीयलाई बुधबारमात्रै पनि सुदूरपश्चिम प्रदेश सरकारका मुख्यसचिव वैकुण्ठ अर्यालले नागु पुगेर छलफल गरेका थिए। तर स्थानीय आफ्नो अडानबाट टसमस भएनन्।

माघ १ गतेबाटै संघर्ष समिति बनाएर नो भोटका पक्षमा उभिएका नागुबासीले योपटकको निर्वाचनमा मतदान नगर्ने निर्णय यथावत राखेको कारण मतपेटिका रित्तो फर्काइ दिएको संघर्ष समितिका संयोजक करनसिंह डडालले बताए। 'यो नेता र सरकारप्रतीको आक्रोश पोखिएको हो,' उनले भने।

यस्तै अपिहिमाल गाउँपालिका-३ का केही बस्तीका बासिन्दाले फागुन १५ गतेबाट नो भोट अभियान चलाएका थिए। ०७४ सालमा भएको वडा विभाजनले वडा नम्बर ३ का अधिकांश वस्तीलाई अपायक ठाउँमा वडा कार्यालय रहेको भन्दै वडा विभाजन नभएसम्म मतदान नगर्ने निर्णय गरेका कारण स्थानीय मतदानमा सहभागि नभएको स्थानीय कमलसिह रोकायाले जानकारी दिए।

यहाँका झुस्कु, चौड, छविस, भट्टार गाउँका मतदाताले भोट नहालेका हुन्। 'हरेक पाँच वर्षमा हुने पर्व मनाउने तीव्र इच्छा हुँदाहुँदै पनि दैनिकजसो सेवा लिनुपर्ने मुकाम एक बास बस्नुपर्ने पीडाले मत हाल्न मानेन्,' स्थानीय नरहरि ठेकरले भने।

सुदूरपश्चिममा ५१ प्रतिशत मत खस्यो, कञ्चनपुरमा सबैभन्दा बढी

काँक्रेविहार संवाददाता
धनगढी, २१ फागुन

सुदूरपश्चिम प्रदेशमा प्रतिनिधि सभा सदस्य निर्वाचनअन्तर्गत मतदान सम्पन्न भएको छ।

प्रदेश निर्वाचन आयोगले सार्वजनिक गरेको तथ्यांकअनुसार सुदूरपश्चिम प्रदेशभर कुल ५० दशमलव ९ प्रतिशत मत खसेको छ।

प्रदेशका ९ वटा जिल्लामा रहेका कुल १७ लाख १६ हजार ६ सय ६० मतदाता मध्ये ८ लाख ७४ हजार १ सय ७७ जनाले आफ्नो मताधिकार प्रयोग गरेका छन्।

तथ्यांकअनुसार कञ्चनपुरमा सबैभन्दा बढी मतदान भएको छ। त्यहाँ ५८.६ प्रतिशत मत खसेको छ। ३ लाख १४ हजार ३ सय ८५ मतदातामध्ये १ लाख ८४ हजार ३ सय १६ जनाले मतदान गरेका छन्।

त्यसैगरी सबैभन्दा कम मतदान अछाम जिल्लामा ३९.२ प्रतिशत भएको छ। त्यहाँ १ लाख ६५ हजार ३ सय ३७ मतदाता रहेकोमा ६४ हजार ७ सय ८० जनाले मतदान गरेका छन्।

सबैभन्दा धेरै मतदाता संख्या रहेको कैलाली जिल्लामा ५५.४ प्रतिशत मतदान भएको छ। यहाँ ५ लाख ५१ हजार ५२ जना मतदाता रहेकोमा ३ लाख ५ हजार १ सय २२ जनाले मत दिएका छन्।

यस्तै दार्चुलामा ९२ हजार ९ सय ४८ मतदाता रहेकोमा ४९ हजार ९ सय ६८ जनाले मतदान गरेका छन्। यहाँ कुल मतदाताको ५३.८ प्रतिशत मत खसेको छ।

यस्तै बाजुरामा ८७ हजार ८ सय ६१ मतदाता रहेकोमा ४६ हजार २ सय ३२ जनाले भोट दिएका छन्। यहाँ ५२ ।६ प्रतिशत मत खसेको तथ्यांक छ। डडेलधुरामा ४९.२ प्रतिशत मत खसेको छ। यहाँ कुल मतदाता संख्या ९३ लाख ४ सय ३ रहेकोमा ४५ हजार ९ सय ९ जनाले मतदान गरेको प्रदेश निर्वाचन कार्यालयका प्रमुख प्रेमराज भट्टले जानकारी दिए।

यस्तै तथ्यांकअनुसार बैतडीमा ४६.८ प्रतिशत मत खसेको छ। यहाँ कुलमतदाता संख्या १ लाख ५६ हजार ३ सय ७२ मतदाता रहेकोमा ७३ हजार १ सय ४८ जनाले भोट दिएका छन्।

बझाङमा ४१.१ प्रतिशत मत खसेको छ। यहाँ १ लाख २६ हजार ९ सय ३ मतदाता रहेकोमा ५२ हजार २ सय १७ जनाले मतदान गरेका छन्।

र डोटीमा ४०.९ प्रतिशत मत खसेको विवरणमा उल्लेख छ। डोटी जिल्लामा १ लाख २८ हजार ३ सय ९९ मतदाता रहेकोमा ५२ हजार ४ सय ८५ जनाले मतदान गरेको जनाइएको छ।

प्रदेशमा तराईका जिल्लाहरूमा पहाडी जिल्लाको तुलनामा मतदान प्रतिशत केही बढी देखिएको छ।

कतै पनि फेरि मतदान गर्नुपर्ने अवस्था छैन- निर्वाचन आयोग

काँक्रेविहार संवाददाता
काठमाडौं, २१ फागुन

निर्वाचन आयोगले सबै निर्वाचन क्षेत्रमा शान्तिपूर्ण रूपमा मतदान सम्पन्न भएको जनाएको छ।

आयोगका प्रवक्ता एवं सहसचिव नारायणप्रसाद भट्टराईका अनुसार सबै मतदान केन्द्रमा शान्तिपूर्ण रूपमा मतदान सम्पन्न भएको हो।

उनले कुनै पनि मतदान केन्द्रमा फेरि मतदान गर्नुपर्ने अवस्था नरहेको पनि बताए।

'सबै मतदान केन्द्रमा शान्तिपूर्ण रूपमा मतदान सम्पन्न भएको छ। कुनै पनि मतदान केन्द्रमा पुनः मतदान गर्नुपर्ने अवस्था देखिएको छैन,' उनले भने।

यस्तै रसुवा लगायत विभिन्न जिल्लामा मतपेटिका हेलिकप्टरबाट ढुवानी भएको पनि उनले बताए।

उनका अनुसार विभिन्न जिल्लामा हेलिकप्टरबाट मतपेटिका ढुवानी भएको छ। अन्यत्र जारी रहेको र शुक्रबार बिहान १२ बजेभित्र सम्पन्न गर्ने योजना रहेको उनले बताए।

'आज हेलिकप्टरबाट रसुवा, दोलखा, पूर्वी रूकुम, बाजुरा, बझाङ र हुम्लाको मतपेटिका संकलन गरिएको छ। अन्यत्रको ढुवानी गर्ने कार्य जारी रहेको छ। आज १२ बजेभित्र सम्पन्न गर्ने योजना छ,' उनले भने।

ठाँटीकाँध गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय,
लकान्द्र, दैलेख
कर्णाली प्रदेश नेपाल

जनहितमा जारी सन्देश !

- योजना निर्माण गर्दा दिगोपना, गुणस्तर र पारदर्शीतालाई ध्यानमा राखी योजना निर्माण गरौं।
- मालपोत, घरजग्गा कर आदि समयमै तिरौं, नागरिकको दायित्व पूरा गरी गौरव गरौं र जरिवानाबाट बचौ।
- खोप लगाउने उमेरका बालबालिकालाई निर्धारित अवधिभित्रै खोपको मात्रा पूरा गराऔं।
- चट्याङ र आगलागीका कारण हुन सक्ने क्षतिबाट आफू पनि बचौ र अरूलाई पनि बचाऔं।
- सडक तथा सार्वजनिक जग्गाको अतिक्रमण नगरौ, हुन पनि नदिऔं।
- सधैंभरी घर, आँगन र सडक सफा राखौं, कुरिती र कुसंस्कारलाई जरैदेखि फ्याँकौ, सभ्य र असल नागरिक बनौं र बनाऔं।
- आगलागी हुने प्रज्वलनशील पदार्थहरू, बारुदजन्य पदार्थ बालबालिकाको पहुँचमा नराखौं, रूख रोपौं, वन जोगाऔं।
- आगलागी हुन नदिऔं, भएमा तुरुन्त आफू र आफ्नो समुदाय, नजिकको प्रहरी वा नगरपालिकाको सहयो गमा कार्य गरौं।
- घरको संरचना बलियो बनाऔं, हावाहुरी चल्न थालेपछि झ्यालढोका बन्द गरौं।
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाँधौं, छतको गमला सुरक्षित रुपमा राखौं।
- हावाहुरी चलेमा भागदौड नगरौं, विस्तारै सुरक्षित स्थानमा जाऔं, हावाहुरी चलेको बेला सवारी नचलाऔं।
- आवश्यक बाहेक बाहिर नहिडौं, मास्क लगाएर हिडौं, पानी प्रशस्त पिऔं निरोगी बनौं।
- जन्म, मृत्यु, विवाह, बसाइँसराइजस्ता व्यक्तिगत घटना समयमै दर्ता गरौं।
- सामाजिक सुरक्षा भत्ता पाउनु पर्नेले लिन नछुटौं, नपाउनेले लिइरहेको भए बन्द गराऔं।

सहयोगको लागि हजुरहरू सबैलाई धेरै धेरै धन्यवाद !

वीरेन्द्रनगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय,
वीरेन्द्रनगर, सुर्खेत
कर्णाली प्रदेश नेपाल

जनहितमा जारी सन्देश !

- योजना निर्माण गर्दा दिगोपना, गुणस्तर र पारदर्शीतालाई ध्यानमा राखी योजना निर्माण गरौं।
- मालपोत, घरजग्गा कर आदि समयमै तिरौं, नागरिकको दायित्व पूरा गरी गौरव गरौं र जरिवानाबाट बचौ।
- खोप लगाउने उमेरका बालबालिकालाई निर्धारित अवधिभित्रै खोपको मात्रा पूरा गराऔं।
- चट्याङ र आगलागीका कारण हुन सक्ने क्षतिबाट आफू पनि बचौ र अरूलाई पनि बचाऔं।
- सडक तथा सार्वजनिक जग्गाको अतिक्रमण नगरौ, हुन पनि नदिऔं।
- सधैंभरी घर, आँगन र सडक सफा राखौं, कुरिती र कुसंस्कारलाई जरैदेखि फ्याँकौ, सभ्य र असल नागरिक बनौं र बनाऔं।
- आगलागी हुने प्रज्वलनशील पदार्थहरू, बारुदजन्य पदार्थ बालबालिकाको पहुँचमा नराखौं, रूख रोपौं, वन जोगाऔं।
- आगलागी हुन नदिऔं, भएमा तुरुन्त आफू र आफ्नो समुदाय, नजिकको प्रहरी वा नगरपालिकाको सहयो गमा कार्य गरौं।
- घरको संरचना बलियो बनाऔं, हावाहुरी चल्न थालेपछि झ्यालढोका बन्द गरौं।
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाँधौं, छतको गमला सुरक्षित रुपमा राखौं।
- हावाहुरी चलेमा भागदौड नगरौं, विस्तारै सुरक्षित स्थानमा जाऔं, हावाहुरी चलेको बेला सवारी नचलाऔं।
- आवश्यक बाहेक बाहिर नहिडौं, मास्क लगाएर हिडौं, पानी प्रशस्त पिऔं निरोगी बनौं।
- जन्म, मृत्यु, विवाह, बसाइँसराइजस्ता व्यक्तिगत घटना समयमै दर्ता गरौं।
- सामाजिक सुरक्षा भत्ता पाउनु पर्नेले लिन नछुटौं, नपाउनेले लिइरहेको भए बन्द गराऔं।

सहयोगको लागि हजुरहरू सबैलाई धेरै धेरै धन्यवाद !

निर्वाचन बिथोल्न खोज्ने २४ जना पक्राउ

काँक्रेविहार संवाददाता
काठमाडौं, २१ फागुन

बिहीबार सम्पन्न प्रतिनिधि सभा सदस्य निर्वाचनका क्रममा आचारसंहिता विपरीत र निर्वाचन विरोधी गतिविधिमा संलग्न २४ जनालाई प्रहरीले देशका विभिन्न स्थानबाट नियन्त्रणमा लिएको छ। प्रहरी प्रधान कार्यालयका अनुसार काठमाडौं उपत्यकासहित सातै प्रदेशबाट निर्वाचन सुरक्षामा खलल पुऱ्याउन खोज्नेहरूलाई पक्राउ गरिएको हो।

यसरी पक्राउ पर्नेहरूमा बागमती प्रदेशबाट सबैभन्दा बढी ७ जना रहेका छन् भने मधेश र सुदूरपश्चिमबाट ४-४ जना, कोशी र गण्डकीबाट ३-३ जना तथा काठमाडौं उपत्यका, लुम्बिनी र कर्णाली प्रदेशबाट १-१ जना रहेका छन्। निर्वाचनलाई भयरहित बनाउन र सुरक्षा चुनौतीको सामना



गर्न प्रहरीले मतदानका दिन कडा निगरानी बढाएको थियो। सुरक्षा व्यवस्थालाई थप कडा बनाउने क्रममा प्रहरीले अनुमति बिना चलाइएका २ हजार ५ सय ९७ वटा सवारी साधनहरूलाई पनि होल्ड गरेको छ। जसमा २ हजार ३ सय ५१ वटा दुई पाङ्ग्रे र २४६ वटा चार पाङ्ग्रे सवारी साधन रहेका छन्।

लुम्बिनी प्रदेशमा सबैभन्दा धेरै ८ सय ८७ र काठमाडौं उपत्यकामा ८ सय ३० वटा सवारी साधन नियन्त्रणमा लिइएका छन्। यसैगरी, काठमाडौं उपत्यकाका दुई स्थानसहित देशभरका १५ ठाउँमा शंकास्पद वस्तुहरू फेला परेका थिए। ती वस्तुहरूलाई सुरक्षित रूपमा डिस्पोज गर्न नेपाल प्रहरीले नेपाली सेनासँग आवश्यक समन्वय गरी निष्क्रिय पारेको छ।

देशभर ६० प्रतिशत मत खस्यो

'छिटपुट विवादबाहेक देशभर शान्तिपूर्ण मतदान'

काँक्रेविहार संवाददाता
काठमाडौं, २१ फागुन

निर्वाचन आयोगले बिहीबार भएको मतदानमा ६० प्रतिशत मत खसेको जनाएको छ। निर्वाचन आयोगका कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले ६० प्रतिशत मतदान भएको बिहीबार साँझ आयोजित पत्रकार सम्मेलनमा बताएका छन्। मतदानको समय साँझ ५ बजेसम्म निर्धारण गरिएको थियो।

उक्त समयमा मतदान स्थल प्रवेश गरिसकेकाहरूले भने मतदान गर्न पाएका थिए।

नेपाल प्रहरीका महानिरीक्षक (आईजिपी) दानबहादुर कार्कीले मुलुकभर शान्तिपूर्ण र उत्साहजनक ढंगले मतदान कार्य सम्पन्न भएको बताएका छन्। बिहीबार सञ्चारकर्मीसँग कुरा गर्दै आईजिपी कार्कीले सुरक्षा निकायहरूबीचको आपसी समन्वय र एकीकृत सुरक्षा योजनाको प्रभावकारी कार्यान्वयन शान्तिपूर्ण ढंगले निर्वाचन सम्पन्न भएको बताएका हुन्।

उनकाअनुसार छिटपुट विवादहरू बाहेक मुलुकभर शान्तिपूर्ण ढंगले निर्वाचन सम्पन्न भएको छ। दोलखाको केही निर्वाचन क्षेत्रमा देखिएको विवाद साम्य पार्न दलहरू र निर्वाचन अधिकृतहरूबीच छलफल भइरहेको बताए।

उनले भने, 'यो मतदान हुने दिनसम्म आइपुग्नको लागि हामीले नेपालभरका सबै ठाउँमा सुरक्षाको पूर्वतयारी स्वरूप सबै सुरक्षा निकायहरूका बीचमा एकीकृत सुरक्षा योजना बनाएर एकीकृत भएका थियौं। यो आजको दिन आइपुग्नको लागि आजभन्दा अगाडि अपनाइएका रणनीतिहरूले काम गरेका छन्। बिहीवार देशभरका सबै मतदान केन्द्रहरूमा शान्तिपूर्ण ढंगले निर्वाचन सम्पन्न भएको छ। दोलखामा भने केही विवाद भएको कारण त्यसको टुंगो लागिसकेको छैन। सबै राजनीतिक दलका बीचमा छलफल पनि चलिराखेको छ। त्योभन्दा बाहेकका सबै मतदान स्थलहरूमा सामान्य दलीय प्रकृतिका केही विवादहरू भएता पनि त्यहाँस्थित दलका प्रतिनिधि र निर्वाचन अधिकृतले नै समस्या हल हुने गरेर अगाडि जानुभएको छ।

सूचना, समाचार तथा विज्ञापनको लागि ९८५१३४४७५४ मा सम्पर्क गर्नुहोला।

२०४८ देखि ०८२ को निर्वाचनसम्म कति प्रतिशत खस्यो मत ?

काँक्रेविहार संवाददाता
काठमाडौं, २१ फागुन

बिहीबार सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा ६० प्रतिशत मत खसेको निर्वाचन आयोगले जनाएको छ। बिहान ७ बजेदेखि साँझ ५ बजेसम्म भएको निर्वाचनमा अघिल्ला निर्वाचनको तुलनामा थोरै मत खसेको हो। भदौमा भएको जेनजी आन्दोलनका कारण प्रतिनिधिसभा विघटन भएपछि ताजा जनादेशका लागि यो निर्वाचन भएको थियो।

आयोगका अनुसार केही ठाउँमा सामान्य छिटफुट घटना बाहेक देशभर शान्तिपूर्ण मतदान भएको छ। गणतन्त्र स्थापनापछिको १८ वर्षमा दुईवटा संविधानसभा र दुईवटा संघीय प्रतिनिधिसभा निर्वाचन भइसकेको छ। २०४६ सालको राजनीतिक परिवर्तनपछि २०४८, २०५१ र २०५६ सालमा संसदीय निर्वाचन भएको थियो। ती निर्वाचनमध्ये सबैभन्दा बढी मत २०७० सालको संविधानसभा निर्वाचनमा खसेको आयोगको तथ्यांकले देखाएको छ।

संविधानसभा निर्वाचन-२०६४

पहिलो संविधानसभा निर्वाचनमा कुल मतदाता एक करोड ७६ लाख ११ हजार ८३२ रहेकोमा कुल एक करोड ८ लाख ६६ हजार १३१ मत खसेको थियो। त्यसमध्ये एक करोड ३ लाख ६ हजार १२० मत सदर भएको थियो। पाँच लाख ६० हजार ११ मत बदर भएको थियो। समग्रमा ६१.६९ प्रतिशत



मत खसेको थियो।

समानुपातिक निर्वाचन प्रणाली अन्तर्गतको निर्वाचनमा कुल एक करोड ११ लाख ४६ हजार ५४० मत खसेको थियो। त्यसमध्ये एक करोड ७ लाख ३९ हजार ७८ (९६.३४ प्रतिशत) मत सदर भएको थियो।

त्यतिबेला अस्थायी मतदाताको व्यवस्था थियो। सरकारी कार्यालय, स्थानीय निकाय, नेपाल सरकारको स्वामित्व वा नियन्त्रणमा रहेका संस्थानमा कार्यरत कर्मचारी, सैनिक, प्रहरी ब्यारेकमा रहेका, माओवादी शिविरमा रहेका लडाकु, कारागारमा रहेका कैदी, बन्दी, निर्वाचन केन्द्रमा खटिएका कर्मचारीलाई अस्थायी मताधिकारको व्यवस्था मिलाइएको थियो। संविधानसभा सदस्य निर्वाचनका लागि ४ लाख १३ हजार ५४४ अस्थायी मतदाता थिए।

संविधानसभा निर्वाचन-२०७०

दोस्रो संविधानसभा सदस्य निर्वाचनमा एक करोड २१ लाख ४७ कुल मतदता रहेका थिए। तीमध्ये प्रत्यक्षतर्फ ९० लाख ४४ हजार ९०८ अर्थात् ७४.४६ प्रतिशत मत खसेको थियो। समानुपातिकतर्फ ९४ लाख ६३ हजार ८६२ मत खसेको थियो।

प्रतिनिधिसभा निर्वाचन-२०७४

नयाँ संविधान जारी भएपछि २०७४ सालमा भएको प्रतिनिधिसभा निर्वाचनमा कुल मतदाता एक करोड ५४ लाख २८ हजार १६० रहेकोमा कुल सदर मत एक करोड पाँच लाख ८१ हजार ६८७ थियो। त्यतिबेला कुल बदर मत चार लाख ५० हजार ४८४ थियो। त्यस निर्वाचनमा कुल प्रतिशत मत ६८.५९ रहेको थियो।

यसैगरी समानुपातिकतर्फ कुल सदर मत एक करोड पाँच लाख ५० हजार ५२० रहेकोमा बदर मत १५ लाख ३१ हजार २२३ थियो। कुल ६८.३८ प्रतिशत मत खसेको थियो।

प्रतिनिधिसभा निर्वाचन-२०७९

अघिल्लो प्रतिनिधिसभा निर्वाचनमा कुल मतदाता एक करोड ७९ लाख ८८ हजार ५७० थिए। जम्मा खसेको मत एक करोड ५६ लाख ६७ अर्थात् ५८.७ प्रतिशत मत खसेको थियो। संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाअघि भएको तीनवटा संसदीय निर्वाचनमा ६५ प्रतिशतमाथि मत खसेको थियो। २०७० सालमा सबैभन्दा मत खसेको थियो।

कुल मतदाता संख्या

- आम निर्वाचन, २०४८ : १ करोड ११ लाख ९१ हजार ७७७
- आम निर्वाचन, २०५१ : १ करोड २३ लाख २७ हजार ३२९
- आम निर्वाचन, २०५६ : १ करोड ३५ लाख १८ हजार ८३९

खसेको मत संख्या र प्रतिशत

- आम निर्वाचन, २०४८ : ७२ लाख ९१ हजार ८४ (६५.१५%)
- आम निर्वाचन, २०५१ : ७६ लाख २५ हजार ३४८ (६१.८६%)
- आम निर्वाचन, २०५६ : ८८ हजार ९४ हजार ५६६ (६५.७९%)

सदर मत र प्रतिशत

- आम निर्वाचन, २०४८ : ६९ लाख ६९ हजार ६१ (९५.५८%)
- आम निर्वाचन, २०५१ : ७३ लाख ८४ हजार २७७ (९६.८४%)
- आम निर्वाचन, २०५६ : ८६ लाख ४९ हजार ६६४ (९७.२५%)
- बदर मत प्रतिशत क्रमशः ४.४२%, ३.१६% र २.७५%

वनगाड कुपिण्डे नगरपालिका
नगर कार्यपालिकाको कार्यालय,
देवस्थल, सल्यान
कर्णाली प्रदेश नेपाल

जनहितमा जारी सन्देश !

- योजना निर्माण गर्दा दिगोपना, गुणस्तर र पारदर्शीतालाई ध्यानमा राखी योजना निर्माण गरौं।
- मालपोत, घरजग्गा कर आदि समयमै तिरौं, नागरिकको दायित्व पूरा गरी गौरव गरौं र जरिवानाबाट बचौ।
- खोप लगाउने उमेरका बालबालिकालाई निर्धारित अवधिभित्रै खोपको मात्रा पूरा गराऔं।
- चट्याङ र आगलागीका कारण हुन सक्ने क्षतिबाट आफू पनि बचौ र अरूलाई पनि बचाऔं।
- सडक तथा सार्वजनिक जग्गाको अतिक्रमण नगरौ, हुन पनि नदिऔं।
- सधैंभरी घर, आँगन र सडक सफा राखौं, कुरिती र कुसंस्कारलाई जरैदेखि फ्याँकौ, सभ्य र असल नागरिक बनौं र बनाऔं।
- आगलागी हुने प्रज्वलनशील पदार्थहरू, बारुदजन्य पदार्थ बालबालिकाको पहुँचमा नराखौं, रूख रोपौं, वन जोगाऔं।
- आगलागी हुन नदिऔं, भएमा तुरुन्त आफू र आफ्नो समुदाय, नजिकको प्रहरी वा नगरपालिकाको सहयोगमा कार्य गरौं।
- घरको संरचना बलियो बनाऔं, हावाहुरी चल्न थालेपछि झ्यालढोका बन्द गरौं।
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाँधौं, छतको गमला सुरक्षित रुपमा राखौं।
- हावाहुरी चलेमा भागदौड नगरौं, विस्तारै सुरक्षित स्थानमा जाऔं, हावाहुरी चलेको बेला सवारी नचलाऔं।
- आवश्यक बाहेक बाहिर नहिडौं, मास्क लगाएर हिडौं, पानी प्रशस्त पिऔं निरोगी बनौं।
- जन्म, मृत्यु, विवाह, बसाइँसराइजस्ता व्यक्तिगत घटना समयमै दर्ता गरौं।
- सामाजिक सुरक्षा भत्ता पाउनु पर्नेले लिन नछुटौं, नपाउनेले लिइरहेको भए बन्द गराऔं।

सहयोगको लागि हजुरहरू सबैलाई धेरै धेरै धन्यवाद !

सामाजिक विकास मन्त्रालय
स्वास्थ्य सेवा महाशाखा
कर्णाली प्रदेश, सुर्खेत

अनिश्चितता र अशान्तिको समयमा आफैंलाई सहयोग गर्ने तरिका

किशोरकिशोरीका लागि

यस्तो समयमा आफ्ना भावना बुझौं

आपतकाल र अस्थिरताले धेरै गाह्रा भावना ल्याउन सक्छ। तिम्रो वरिपरि भइरहेका कुराहरूले गर्दा तिमी तनावित र भारी महशुस गर्न सक्छौ। तिमी आफैलाई चोट लागेको हुन सक्छ वा तिमीले साथीहरूलाई नोक्सान पुगेको देखेको अथवा सुनेको हुन सक्छौ। यस्तो समयमा तीव्र भावना अनुभव गर्नु सामान्य हो।

तिमीले निम्न भावनाहरू महसुस गर्न सक्छौ:

- डर
- रस
- शोक
- उदासी
- अरूको लागि गहिरो चिन्ता
- अपराधबोध वा लाज
- सामान्य भन्दा बढी जोखिम लिन खोज्नु
- आक्रामकता
- अर्थ र उद्देश्य हराएको महसुश गर्नु
- निराशा

भावना भनेको हामीलाई अवस्था बुझ्न र प्रतिक्रिया दिन सहयोग गर्ने संकेतहरू हुन्। उदाहरणका लागि, डरले सुरक्षामा रहन संकेत गर्छ, र शोकले बिर्सन र निको हुन मद्दत गर्छ। धेरै जसो अवस्थामा यस्ता भावनाहरू समयसँगै घट्छन्।

सहयोग खोज्नुस्

यदि तपाईंलाई लगातार चिन्ता, पीडा वा असहज भावना आइरहेको छ भने कसैसँग कुरा गर्नुहोस्। तपाईले तल दिइएका नम्बरहरूमा कल गर्न सक्नुहुन्छ।

-१६६०-०१०-२००५-टीपीओ मानसिक-सामाजिक सहायता हेल्पलाइन (बिहान ९ बजेदेखि बेलुका ५ बजेसम्म), एनटिसी नेटवर्कका लागि निःशुल्क
- १०९८- बाल सहायता हेल्पलाइन (बिहान ९ बजेदेखि बेलुका ५ बजेसम्म)
-९८५१३५२१४२- ड्युटीमा रहेका चिकित्सक, कान्ती बाल अस्पताल (बिहान ९ बजेदेखि बेलुका ५ बजेसम्म)
- ९७६५३५५४०० - कान्ती बाल अस्पताल रिसेप्शन (बिहान १० बजेदेखि दिउँसो २ बजेसम्म)



काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, सम्पादक : सुशीलराज शर्मा, कार्यालयः वीरेन्द्रनगर-४, सुर्खेत, फोनः ०८३-५२२१७३/९८५८०५०५०५/९८५१३४४७५४ web : kankrebihar.com, Email : ekankrebihardaily@gmail.com मुद्रणः मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)